## बैठक संख्याः ७, मितिः २०७९ पौष २१

## निर्णयहरु

**प्रस्ताव नं. १ : बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : कृषी कार्यक्रम सम्बन्धमा ।**

**निर्णयः** चालु आ.ब. को कृषी विकास शाखाको स्वीकृत कार्यक्रम एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गर्न श्री कल्लेरी साना किसान कृषि सहकारी संस्था लि. गल्छी गापा २ कल्लेरीलाई अनुदान रकम रु १० लाख स्वीकृत गर्ने निर्णय गरियो । तथा व्यवसायिक युवा लक्षित कार्यक्रम अन्तर्गत कार्यक्रम संचालनार्थ पेश भएका प्रस्तावहरुको प्राविधिक मुल्याङ्कन तथा अनुगमन गरी प्राप्त भएको प्रतिवेदनको आधारमा तपसिल बमोजिमका प्रस्तावहरु छनौट गरी रु एक लाख चौध हजारका दरले अनुदान रकम स्वीकृत गर्ने,

**तपसिलः**

१. श्री ब्राइट फ्युचर कृषि तथा पशुपन्क्षी फार्म गल्छी गापा १ धैरेनी
२. श्री रिजन कृषि तथा पशुपन्क्षी फार्म गल्छी गापा २ वेलिनटार
३. श्री नमराज कृषि तथा पशुपन्क्षी फार्म गल्छी गापा २ कल्लेरी
४. श्री रक्त बच्छला कृषि तथा पशुपन्क्षी फार्म गल्छी गापा २ कल्लेरी
५. श्री जलविरे कृषि तथा पशुपन्क्षी फार्म गल्छी गापा १ जलविरे
६. श्री नमुना कृषि तथा पशुपन्क्षी फार्म गल्छी गापा १ गहते
७. श्री सान्नानी कृषि तथा पशुपन्क्षी फार्म गल्छी गापा ७ चालिसे

PMAMP अन्तर्गत नयाँ तरकारी बालीको पकेट स्थापनाको लागि श्री सक्षम कृषक समुह गल्छी गापा ३ ज्यामिरेखोलालाई छनौट गर्ने निर्णय गरियो, प्लाष्टीक पोखरी र स्प्रे पम्पमा पेश भएका प्रस्तावहरुलाई अन्य कार्यक्रममा नदोहोरिने गरि वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : वडा नं १ को कार्यक्रम।**

**निर्णयः** चालु आब को स्वीकृत कार्यक्रम अनुसार वडा नं १ को अन्य सार्वजनिक निर्माण शिर्षकबाट पाइप खरिदको लागत रु एक लाख रकम उक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : गल्छी गाउँपालिकाको विभिन्न कानुन निर्माण सम्बन्धमा ।**

**निर्णयः** तपसिल बमोजिमको कानुन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. गल्छी गाउँपालिकाको मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०७९

२. गल्छी गाउँपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९

३. आर्थिक रुपमा कमजोर अपाङ्गता भएका व्यक्ति एकल पुरुषको लागि आर्थिक सहयोग सञ्चालन मापदण्ड, २०७९

४. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९

**प्रस्ताव नं. ५ : वडा नं १ को फर्निचर खरिद तथा फलसिलिङ राख्ने सम्बन्धमा ।**

**निर्णयः** वडा नं १ को भवनमा फर्निचर खरिद तथा फलसिलिङ राख्नको लागि प्राविधिक इस्टिमेट बमोजिमको रकम शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : जग्गा वर्गीकरण सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको जग्गा वर्गीकरणको कार्य मिति २०७९ माघ १५ गते सम्म सम्पन्न गर्ने निर्णय गरियो ।